प्रदेश सरकार
# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल
फोन : ०५७-५२५६१७

पत्र संख्या :- ०७५।७६
चलानी नं. :- १०१९

मिति : २०७५।११।१

विषय: सहयोग गरिदनुहुन ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, (१३ वटा सबै)
प्रदेश नं ३
(१३ वटा सबै)

प्रस्तुत विषयमा प्रदेश सरकार, मन्त्रीपरिषदवाट मिति २०७५।७।३० मा नदिजन्य पदार्थ(संकलन र उपयोग) सम्वन्धि अन्तरीम कार्यविधि २०७५ स्विकृत भएको र सो कार्यविधिमा अनुगमनको समितिको संयोजक जिल्ला समन्वय समितिको प्रमुखज्यू रहने व्यवस्था भएकोले हाल प्रदेश सरकारले नदिजन्य पदार्थको दिगो संकलन तथा व्यवस्थापनका लागि विधेयक तयार गरिरहेको सन्दर्भमा यस मन्त्रालयलाइ देहायको विवरण संलग्न गरी प्रतिवेदन पठाइ सहयोग गरिदनुहुन अनुरोध छ ।

तपसिल

१. नेपाल सरकार उद्योग मन्त्रालयको नं ३/४०-०७१/९/३० को प्रस्ताव म.प.वै.सं. ४२/०७१ मिति २०७१।१०।२ को मन्त्रीपरिषद वैठकमा पेश हुदा प्रस्ताव नं ४ प्रकरणमा भएको ३ नं निर्णयमा भौगोलिक क्षेत्र विशेषका आधारमा मापदण्ड परिमार्जन गर्न आवश्यक भए जिल्ला अनुगमन समितिले वैज्ञानिक मापदण्ड वनाइ तीन महिना भित्र केनद्रिय अनुगमन समिति मार्फत विज्ञान तथा प्रविधि तथा वातावरण मन्त्रालयमा पेश गर्ने भनि निर्णय भएकोमा सो उपर तहाँ जिल्लाबाट यस विषयमा कुनै निर्णय भएको भए सो निर्णयको प्रमाणित प्रतिलिपि ।

२. वुँदा नं १ अनुसारको विषयमा कुनै निर्णय नभएको भएमा तहाँ जिल्लाको भौगोलिक क्षेत्र विशेषका आधारमा क्रसर तथा वालुवा प्रशोधन उद्योगहरु स्थापना गर्दा पालना गर्नुपर्ने दुरी मापदण्ड सम्वन्धमा सरोकारवालाहरुसँग समेत छलफल गरी गराइ उपयुक्त मापदण्ड तयार गरी पठाइदिनुहुन ।

गोपाल प्रसाद गौतम
उपसचिव

वोधार्थ
श्री डिभिजन वन कार्यालय(सबै): आवश्यक सहयोग तथा सहजीकरण गरिदनुहुन ।
श्री घरेलु तथा साना उद्योग कार्यालय/विकास समिति (सबै) : आवश्यक सहयोग तथा सहजीकरण गरिदनुहुन ।